## सम्वत् २०८१ साल असोज ४ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयहरू:

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः नेपालको संविधानको धारा १८३ को उपधारा (२) बमोजिम कोशी प्रदेश, प्रदेश सभाको पाँचौं अधिवेशन मिति २०८१।०६।०४ गते शुक्रवार रातको १२:०० बजे देखि अन्त्य गर्न माननीय प्रदेश प्रमुखज्यू समक्ष सिफारिस गर्ने।

## सम्वत् २०८१ साल असोज ८ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयहरू:

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः जनतासँग कोशी प्रदेश सरकार कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ स्वीकृत गर्ने।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः आर्थिक मामिला तथा योजना मन्त्री मा. राम बहादुर मगरको संयोजकत्वमा राजनैतिक तथा प्रशासन समिति, आन्तरिक मामिला तथा कानुन मन्त्री मा. लिला बल्लभ अधिकारीको संयोजकत्वमा कानुन, न्याय तथा प्रदेश मामिला समिति, भौतिक पूर्वाधार विकास मन्त्री मा. भुपेन्द्र राईको संयोजकत्वमा आर्थिक, सामाजिक तथा पूर्वाधार समिति गठन गर्ने।

३. खानेपानी, सिँचाई तथा ऊर्जा मन्त्रालयः प्रदेश सिँचाई नियमावली, २०८१ मन्त्रिपरिषद्, कानुन, न्याय तथा प्रदेश मामिला समितिमा छलफल गरी पेश गर्ने।

४. खानेपानी, सिँचाई तथा ऊर्जा मन्त्रालयः कोशी प्रदेश नवीकरणीय ऊर्जा नीति, २०८१ स्वीकृत गर्ने।

५. खानेपानी, सिँचाई तथा ऊर्जा मन्त्रालयः IMEP को Project Agreement मसौदामा सहमति र वार्ता गर्न आवश्यक सहमति प्रदान गर्ने।

६. खानेपानी, सिँचाई तथा ऊर्जा मन्त्रालयः जलवायु अनुकूलित बृहत् खानेपानी आयोजनामा कार्यरत ३३ जना कर्मचारीको अस्थायी दरबन्दी आ. व. २०८१/०८२ को लागि स्वीकृत गर्ने।

७. स्वास्थ्य मन्त्रालयः डा. विरेन्द्र कुमार मण्डल, डा. ज्ञान बहादुर बस्नेत र डा. सुरेश मेहतालाई क्रमशः जिल्ला अस्पताल उदयपुर, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, विराटनगर र प्रदेश स्वास्थ्य निर्देशनालय, धनकुटामा कामकाजमा खटाउने तथा सरुवा गर्ने।



*द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*

**सम्वत् २०८१ साल असोज १० गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयहरू:**

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः प्रदेश योजना आयोग, कोशी प्रदेशका सदस्यद्वय भवानी प्रसाद बराल र नमिता न्यौपानेले दिएको राजीनामा स्वीकृत गर्ने र रिक्त हुने पदमा नारायण कोइराला र प्रमिला कुमारी गच्छदारलाई नियुक्त गर्ने।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः कोशी प्रदेश सरकारबाट आर्थिक वर्ष २०८१/०८१ मा शासकीय सुधार र सुशासन सम्बन्धमा भए गरेका प्रगति लगायत विषय समावेश गरी बनाइएको वार्षिक प्रतिवेदन, २०८१ स्वीकृत गर्ने र प्रदेश सभामा पेश गर्ने।

३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः प्रदेश सचिव हेमराज तामाङलाई सामाजिक विकास मन्त्रालयको प्रदेश सचिव पदमा कामकाज गर्न खटाउने।

४. आन्तरिक मामिला तथा कानुन मन्त्रालयः विदेशी पर्यटक सवारी साधनको अस्थायी रुट परमिट सम्बन्धी नियमावली, २०८१ स्वीकृत गर्ने।

**सम्वत् २०८१ साल असोज १३ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयहरू:**

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः कोशी प्रदेश लगानी सम्मेलन, २०८१ को अवधारणा पत्र स्वीकृत गर्ने।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः कोशी प्रदेश सरकार मन्त्रिपरिषद्का सदस्यले पालना गर्नुपर्ने आचारसंहिता, २०८१ स्वीकृत गर्ने।

३. पर्यटन, वन तथा वातावरण मन्त्रालयः सन् २०२४ को अक्टोबर १ देखि ३ सम्म भारतको सिलिगुडीमा आयोजना हुने Wildlife Connectivity-Conflict Interfaces in the Himalaya: Designing a Roadmap for Coexistence सम्बन्धी कार्यक्रममा सहभागिताका लागि प्रदेशलाई थप आर्थिक दायित्व नपर्ने गरी प्रदेश सचिव विशाल घिमिरेलाई मनोनयन गर्ने।

४. आन्तरिक मामिला तथा कानुन मन्त्रालयः सवारी साधनको इन्धन प्रणाली परिमार्जन सम्बन्धी कार्यविधि, २०८१ स्वीकृत गर्ने।



*द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*

५. आन्तरिक मामिला तथा कानुन मन्त्रालयः प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची-१ को क्रमसंख्या-७ मा हेरफेर गर्ने तथा सुरक्षा संवेदनशीलतालाई मध्यनजर गर्दै प्रदेश सभाका सत्ता पक्षको प्रमुख घटक दल नेपाली काङ्ग्रेसका संसदीय दलका नेता मा. उद्धव थापालाई एउटा हलुका सवारी साधन, एकजना सवारी चालक र इन्धन उपलब्ध गराउने।

६. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः

**क)** विगत केही दिनदेखि परेको अविरल वर्षाको कारण कोशी प्रदेशका विभिन्न भूभागमा भएका विपद्का घटनामा परी ज्यान गुमाउनु भएका सबै नागरिक प्रति यो बैठक भाव पूर्ण श्रद्धाञ्जली र शोक सन्तप्त परिवार प्रति समवेदना व्यक्त गर्दछ। साथै, बेपत्ताहरूको खोज तथा उद्धारका निम्ति सुरक्षा निकायलाई परिचालित हुन निर्देशन गर्दछ। घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछ। घाइतेको उपचारमा प्रदेश सरकारले आवश्यक सहयोग पुराउनेछ।

**ख)** बाढी र पहिरोबाट घर टहरोहरूमा समेत क्षति भएको छ। भौतिक क्षति र मृतकको परिवारलाई स्थानीय तह र जिल्ला विपद् व्यवस्थापन समितिसँगको समन्वयमा क्षतिको तथ्याङ्क संकलन गरी तत्काल राहत उपलब्ध गराउन यो बैठक निर्देशन गर्दछ।

**ग)** विपदका कारण राजमार्ग, सहायक राजमार्ग, प्रादेशिक लोकमार्ग तथा अन्य सडकहरू अवरुद्ध भएका छन्। विपदका कारण क्षतिग्रस्त भई सेवा अवरुद्ध भएका राष्ट्रिय सडकहरूको सेवा सुचारु गर्न नेपाल सरकारसँगको समन्वयमा सेवा सुचारु गर्न तथा प्रादेशिक र अन्य सडकको हकमा यथाशीघ्र क्षतिको विवरण संकलन गरी सेवा संचालनमा ल्याउन भौतिक पूर्वाधार विकास मन्त्रालयलाई निर्देशन दिने।

घ) प्रदेश सरकारका अन्य विषयगत मन्त्रालयबाट निर्माण भएका पर्यटकीय पूर्वाधार, खानेपानी, सिँचाई लगायतका अन्य पूर्वाधार तथा सरकारी संरचनाहरूमा क्षति पुगेको भएमा त्यसता क्षतिग्रस्त संरचनाहरूलाई पनि आवश्यकता अनुसार संचालनमा ल्याउन सम्बन्धित मन्त्रालयलाई निर्देशन दिने।